केपिलासगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः २ मितिः २०८०/०५/०६

भाग- १

केपिलासगढी गाउँपालिकाद्वारा प्रकाशित

# केपिलासगढी गाउँपालिकाको जलवायुमैत्री एकीकृत जलाधार व्यवस्थापन कार्य सञ्चालन निर्देशिका

२०८०

# केपिलासगढी गाउँपालिकाको जलवायुमैत्री एकीकृत जलाधार व्यवस्थापन कार्य सञ्चालन निर्देशिका, २०८०

प्रमाणीकरण मितिः२०८०/०५/०६

प्रस्तावनाः

खोटाङ्ग जिल्लामा अवस्थित केपीलासगढी गाउँपालिकामा मानवीय क्रियाकलापले उत्पन्न जलवायु परिवर्तनका कारणबाट पारिस्थितिक प्रणालीहरुको सन्तुलन विग्रन गएको छ । भू-स्खलन, पहिरो, नदी किनारा कटान, भू-उत्पादकत्वमा ह्रास, पानीको स्रोतहरु सुक्दै जाने, अतिवृष्टि, अनावृष्टि जस्ता समस्याहरुले समग्र वन, कृषि प्रणाली, जैविक विविधता तथा मानव जनजीवनमा नाकरात्मक प्रभाव पारेको छ । प्राकृतिक प्रकोपका कारण कतिपय घरधुरीहरु विस्तापनमा परेका छन् भने जलवायु सङ्कटासन्न परिवारहरुको संख्या बढ्दो क्रममा रहेको छ । गाउँपालिका योजना ग्रामिण सडक, भवन तथा पूर्वाधारको विकासमा केन्द्रीत छ । वातावरण संरक्षण र विकासबीच समुचित सन्तुलन कायम गर्न सकिएको छैन । तीनै तरकारका सरकार, सहकारी तथा निजी क्षेत्रबाट सञ्चालन हुने विकास निर्माणका क्रियाकलापहरुलाई दिगो, वातावरणमैत्री तथा राष्ट्रिय अर्थतन्त्रमा योगदान पुग्ने गरी लाभदायी वनाउन आवश्यक देखिएको छ ।

जलवायु परिवर्तन अनुकूलन, पारिस्थितिकीय प्रणालीको उत्थानशीलता विकास, स्थानीय समुदायको दिगो जिविकोपार्जन, लैङ्गिक तथा सामाजिक समावेशीकरण तथा प्रतिकूल वातावरणीय असरलाई न्यूनीकरण गर्ने विषय बहु क्षेत्रगत र बहु आयामिक भएको र तीनवटै तहका सरकार, निजी क्षेत्र एवं विकास साझेदारबीचको समन्वयलाई थप प्रभावकारी वनाउन आवश्यक देखिएकोले,

भौतिक पूर्वाधार विकास, जलवायु उत्थानशीलता, दिगो जिविकोपार्जन एवं वातावरणीय सेवाको विकास एवं विस्तारको लागि जलाधार क्षेत्रलाई कार्यक्रम कार्यान्वयन ईकाईको रुपमा लिई आयोजना तथा कार्यक्रमहरुलाई योजनावद्ध तथा एकीकृत रुपमा सञ्चालन गर्न आवश्यक देखिएको र एकीकृत जलाधार व्यवस्थापन सम्बन्धी कृयाकलापहरुको योजना तर्जूमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनको लागि उपयुक्त समन्वय संयन्त्र सहितको व्यवस्था गर्न बाञ्छनिय रहेकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (७) तथा दफा १०२ को उपदफा (२) बमोजिम केपिलासगढी गाउँपालिकाको गाउँसभाले यो निर्देशिका वनाएको छ ।

समिर राई
अध्यक्ष/प्रमुख

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "केपिलासगढी गाउँपालिकाको जलवायुमैत्री एकीकृत जलाधार व्यवस्थापन कार्य सञ्चालन निर्देशिका, २०८०" रहेको छ ।

(२) यो निर्देशिका केपिलाशगढी गउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **पृष्ठभूमि तथा निर्देशिकाको औचित्यः** (१) खोटाङ जिल्लाको उत्तर पश्चिममा साविकको फेदी, खार्तम्छा, बास्पानी, बाक्सिला, ससेश्वर, दिप्सुङ र सुङ्देल गाउँ विकास समितिहरु मिलाई पूर्वमा भोजपुर जिल्लाको साल्पासिलिछो गाउँपालिका, पश्चिममा ऐसेलुखर्क गाउँपालिका, उत्तरमा सोलुखुम्बु जिल्लाको महाकुलुङ गाउँपालिका र संखुवासभाको सिलिचोङ गाउँपालिका तथा दक्षिणमा दिक्तेल रुपाकोट मझुवागढी गाउँपालिकाको चारकिल्लाभित्र १९१.९३ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । जिल्ला सदरमुकाम दिक्तेलदेखि ४२ किलोमिटर दुरीमा समुन्द्र सतहबाट औषत १६१० मिटरमा सम्म फैलिएको यस गाउँपालिकामा उष्ण, शमशितोष्ण र शीतोष्ण हावापानी पाईन्छ । गाउँपालिकाको धेरैजसो भू-भागमा २० देखि ४० डिग्री भिरालोपना रहेको छ । केपिलासगढी गाउँपालिका ऐतिहासिक, धार्मिक, साँस्कृतिक, प्राकृतिक र पर्यटकीय रुपले फरक विषेशता बोकेको क्षेत्र हो । यस गाउँपालिकाको वडा नं. ४ मा अवस्थित किराँत संस्कृतिको ऐतिहासिक थातथलोको रुपमा परिचित एवं पर्यटकीय महत्व रहेको केपिलासगढी डाँडाको नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको छ । यस गाउँपालिकामा खसु, लालिगुराँसको वन, चिलाउने कटुशको वन, सल्लोको वन पाईन्छ । दक्षिण ढलानमा सल्लाको वन छ भने उत्तरी ढलानमा उत्तिस, चिलाउने, कटुश, लालिगुराँस जस्ता प्रजातिको मिश्रित वन रहेको पाईन्छ ।

कूल ३३१८ घरधुरी रहेको यस गाउँपालिकाको जनसंख्या १३२३१ रहेको छ । जसमध्ये पुरुषको संख्या ६५३५ रहेको छ भने महिलाको ६६९६ रहेको छ । गाउँपालिकामा बाहुन, क्षेत्री, तामाङ, गुरुङ, नेवार, कामी, दमाई, सार्की, मगर, सुनुवार, लिम्बुका साथै शेपा जातिको सामन्जस्य पूर्ण बसोबास रहेको छ । कूल जनसंख्या मध्ये किराँत ४०.४६ प्रतिशत, हिन्दु ३१.५० प्रतिशत, बौद्ध १०.७६ प्रतिशत वौद्ध र १६.८९ प्रतिशत क्रिश्चियन धर्म मान्ने मानिसहरु रहेका छन् । मातृभाषाको रुपमा बोलिने प्रमुख भाषाहरुमा नेपाली,

समिर राई
अध्यक्ष / प्रमुख

राई, मगर, तामाङ, चाम्लिङ्ग, नेवारी, गुरुङ भाषा मुख्य छन् । चिलिम ढुङ्गा, नागी, ढाल तरबार क्षेत्र, रमिते डाँडार/गुफा डाँडा, केपीलासगढी, बर्मेधारा, बागेश्वरी गुफा, थालडाँडा, बाहाने पोखरी, सुङ्गदेलटार यस क्षेत्रका प्राकृतिक, धार्मिक तथा साँस्कृतिक महत्वका स्थानहरु हुन ।

गाउँपालिकाका ६४.४९ प्रतिशत घरधुरीहरु कृषि पेशामा संलग्न छन् । खाद्य सुरक्षाको दृष्टिकोणले हेर्दा ३ महिना भन्दा कम खान पुग्ने घरधुरीहरु ३९.३३ सरशत र ६ महिना सम्म मात्र खान पुग्ने घरधुरीहरु २९.३६ प्रतिशत रहेका छन् । गाउँपालिकाबाट पशुपंक्षि, तरकारी, मसला, जडीबुटी, वन पैदावारहरु निर्यात हुने गरेको छ । प्रत्यक्ष रोजगारमा संलग्न महिलाहरुको अनुपात २ प्रतिशत मात्र रहेको छ । सम्पतिमा महिलाको पहुँच २० प्रतिशतको हाराहारीमा रहेको छ । मकै, कोदो, धान, गहुँ र आलु गाउँपालिकामा उत्पादन हुने प्रमुख खाद्यान्न बालीहरु हुन । तरकारी बालीहरुमा गोलभेडा, काउली, वन्दा, मुला, गांजर, रायो हुने गरेको छ ।

दुधकोशी जलाधार क्षेत्रमा पर्ने यस गउँपालिकाका प्रमुख खोला तथा सुष्म जलाधार क्षेत्रहरुमा रावा खोला, नोक्ती खोला, लुवाखोला, होङखोला, सङखोला, लहंग खोला, ताप खोला, ढुडीखोला, छुँमहखोला, ओखेखोला, रामखोला, साङखोला, चर्खे खोला, गादु खोला, आदि पर्दछन् । अधिकाँश भू-भाग भिरालो जमिनमा अवस्थित भएकोले बर्षातको पानीले माथिल्लो सतहको माटोको क्षयिकरण भएको देखिन्छ । यस क्षेत्रमा डोलोमाईट, सिष्ट, चुनढुङ्गा, निस, सिस्ट, क्वार्जाईट र फाईलाईट जस्ता चट्टानहरु पाईन्छन् ।

जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपबाट कृषिमा क्षति पुग्नु, सिचाईयोग्य जमिनको कमि हुनु, खेतीपाती परम्परागत निर्वाहमुखी हुनु, युवामा कृषि पेशाप्रतिको आकर्षण घट्नु, वन्यजन्तुबाट कृषिबालीमा क्षति पुग्नु कृषि क्षेत्रका प्रमुख समस्याहरुको रुपमा देखिएको छ । यस गाउँपालिकामा खडेरी, बाढी, आगलागी, पहिरो, जंगली जनावरको आतंक प्रमुख घटनाहरु हुने गरेका छन् । राटी, खोक्मा, सिसेली, सिम्पानी, बाक्सीला दस्कते, चेरेंखा बाखा लगायतका जोखिमयुक्त स्थानमा समेत मानिसहरुको बसोबास रहेको छ । विपद् प्रतकार्यका गउँपालिकाले लागि मानव संसाधन तथा संस्थागत विकास, भौतिक पूर्वाधार विकास, प्राकृतिक स्रोत संरक्षण, विपद् प्रतिरोधी जिविकोपार्जन, आपतकालीन पूर्वतयारी, विपद् जोखिम न्यूनीकरणलाई नीति, योजना तथा कानूनहरुमा मूलप्रवाहीकरण जस्ता कार्यहरु गर्दै आएको छ । गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति र वडा अध्यक्षको



समिर राई
अध्यक्ष/प्रमुख

संयोजकत्वमा वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन भएको छ । विपद् जोखिम न्यूनीकरणको लागि संस्थाहरुको क्षमता अभिवृद्धि गरी स्रोत साधन सम्पन्न गराउन आवश्यक देखिएको छ ।

गाउँपांलिकामा हाल सम्म ३० वटा सामुदायिक वनको रुपमा ३१२५.८९ हेक्टर हस्तान्तरण भएको छ जसमा ३२२४ घरधुरीहरु आवद्ध छन्। वनमा खोटे सल्ला, उत्तिस, चिलाउने, खसु, बाँझ, चिउरी जस्ता प्रजाति वढी मात्रामा रहेका छन् भने चिराईतो, सुनाखरी, वन लसुन, कुरिलो, ऐसेलु, पाँचऔंले, टिमुर, रुद्राक्ष, गुर्जो, पाखनभेद जस्ता गैर कष्ठ वन पैदावार पाईन्छन् । काठ, दाउरा, घँस, पतकर, स्याउला दाउराको प्रमुख स्रोत सामुदायिक वन तथा निजी वन हुन । ग्रामिण सडक लगतयका पूर्वाधार निर्माणबाट हुने वन क्षेत्रको क्षति, चोरी शिकार, वन डढेलो र वन्यजन्तुबाट हुने कृषि बालीको क्षति वन क्षेत्रका प्रमुख समस्याहरु हुन ।

(२) जलाधार व्यवस्थापनको कार्य गाउँपालिकामा उपलब्ध कृषि, वन, भौतिक पूर्वाधार, जलस्रोत, माटो, खनिज तथा खानी, मानव संसाधनको एकीकृत रुपमा व्यवस्थापनको विषय भएको हुँदा माथि उपदफा १ मा औल्याईएका समस्या तथा चुनौतिहरुलाई संवोधन गर्ने गरी जलवायु उत्थानशील, दिगो जिविकोपार्जनमुखी, लैङ्गिक तथा समाजिक समावेशीकरण सहितको एकीकृत योजना तयारी, कार्यान्वयन एवं अनुगमन गर्न कानूनी व्यवस्था गर्न आवश्यक देखिएकोले यो निर्देशिका तयार गरी लागु गरिएको छ ।

३. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) **"अनुकूलन"** भन्नाले जलवायु परिवर्तनको सम्भाव्य असर र जोखिमको आंकलन गरी थप हानी नोक्सानी रोकथाम वा न्यूनीकरण गर्ने कार्य सम्झनु पर्दछ ।

(ख) **"उत्सर्जन"** भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस, धुँवा वा धुलो निष्काशन हुने कार्य सम्झनु पर्दछ ।

(ग) **"एकीकृत जलाधार व्यवस्थापन"** भन्नाले जल, जंगल, जमीन, तथा अन्य प्राकृतिक स्रोतहरुको सन्तुलित र दिगो व्यवस्थापन गर्दै पर्यावरणीय सन्तुलन कायम गर्ने विषयलाई सम्झनु पर्दछ ।

समिर राई
अध्यक्ष / प्रमुख

(घ) **"एकीकृत जलाधार व्यवस्थापन योजना"** भन्नाले निश्चित अवधिको लागि एकीकृत जलाधार व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा वातावरण व्यवस्थापनका का क्रियाकलापहरुलाई समेटेर तोकिएको प्रकृया पुरा गरी तयार गरिएको दस्तावेजलाई सम्झनु पर्दछ ।

(ङ) **"गाउँपालिका"** भन्नाले केपिलासगढी गाउँपालिका सम्झनु पर्दछ ।

(च) **"जलवायु परिवर्तन"** भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायुको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय क्रियकलापले वायुमण्डलको वनौटमा हुने फेरबदलका कारण पृथ्वीको जलवायुमा क्रमश देखा पर्ने परिवर्तन सम्झनु पर्दछ ।

(छ) **"जलवायु परिवर्तन समयानुकूलन"** भन्नाले जलवायु परिवर्तनले पारेको असरलाई कम गरी वातावरण र पारिस्थितिक प्रणालीलाई पुरानै प्राकृतिक अवस्थामा लैजान गरिने कार्य सम्झनु पर्दछ ।

(ज) **"जलाधार क्षेत्र"** भन्नाले पानी बहावको ढलो जहाँ पानी बग्दै एक निश्चित नदी, खोलामा मिसिई साझा विन्दुबाट बाहिर हुन्छ भने त्यस्तो क्षेत्रलाई जलाधार क्षेत्र सम्झनु पर्दछ ।

(झ) **"जैविक विविधता"** भन्नाले पारिस्थितिकीय प्रणाली (ईको सिस्टम) को विविधता, प्रजातीय विविधता (स्पेशिज डाईवरसिटी) तथा वंशाणुगत विविधता (जेनेटीक डाईवरसिटी) सम्झनु पर्दछ ।

(ञ) **"जोखिम न्यूनीकरण"** भन्नाले प्रकोपमा हुन सक्ने विनासलाई ठिकसंग आँकलन गर्ने र विपद्का समयमा तीनका असरहरुलाई कम गर्ने र त्यसका लागि ठिक योजना तथा उपायहरुका छनोट गर्ने कार्य सम्झनु पर्दछ ।

(ट) **"वातावरण"** भन्नाले प्राकृतिक, साँस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप, यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्ध सम्झनु पर्दछ ।

(ठ) **"न्यूनीकरण"** भन्नाले मानवीय कृयाकलापको कारण हुने हरितगृग ग्याँसको उत्सर्जन घटाउने वा रोक्ने कार्य सम्झनु पर्दछ ।

(ङ) **"भू तथा जलाधार संरक्षण"** भन्नाले बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपबाट कुनै क्षेत्रलाई नष्ट हुनबाट रोक्न वा बचाउने तथा पानीको आयतन र बहावलाई सामान्य स्थितिमा राख्ने वा पानीको वहाबलाई धमिलो हुन नदिई स्वच्छता बनाई रख्ने कार्य सम्झनु पर्दछ ।

(ढ) **"वातावरणीय सेवा"** भन्नाले पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने कार्वन सेवा, जैविक विविधताको संरक्षण, जलाधार तथा जलचक्र प्रणाली, पर्यापर्यटन र वस्तु तथा सेवाबाट प्राप्त हुने लाभ सम्झनु पर्दछ ।

(ण) **"स्थानीय तह"** भन्नाले नेपालका संविधानको धारा ३०६ (ढ) अनुसारको गाउँपालिका वा नगरपालिका सम्झनु पर्दछ ।

## परिच्छेद-२

## जलाधार व्यवस्थापनको जिम्मेवारीतथा योजनाको कार्यान्वयन प्रकृया

४. **जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापन गाउँपालिकाले गर्ने** (१) जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापन र जलाधार क्षेत्रसंग अन्तरसम्वन्धित दिगो विकास निर्माण, जैविक विविधता संरक्षण, वातावरणीय जोखिम न्यूनीकरण, स्थानीय स्तरमा हरियाली प्रवर्द्धन, जलवायु परिवर्तन अनुकूलन एवं समयानुकूलन तथा उत्थानशीलता विकास, विपद् जोखिम न्यूनीकरण, लैङ्गिक तथा समाजिक समावेशीकरणको प्रवर्द्धन, समुदायको जिविकोपार्जन सहयोग, व्यवस्थित वस्ती विकास लगायतका स्थानीय तहको अधिकारसंग सम्बन्धित अनुसूची-१ बोजिमका विषयमा गाउँपालिकाले दीर्घकालीन, मध्यकालीन र कार्यान्वयन योजना वनाई एकीकृत रुपमा संरक्षण, व्यवस्थापन तथा सदुपयोग गर्नेछ ।

(२) एकीकृत जलाधार व्यवस्थापनको लागि यस क्षेत्रमा कार्यरत सरकारी, गैर सरकारी, विकास साझेदार संघ संस्थाले गाउँ कार्यपालिकालाई सहयोग गर्नु पर्नेछ ।

५. **जलाधार व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्न सहयोग गरिने:** (१) गाउँपालिका क्षेत्रभित्रको निजी स्वामित्वको जग्गामा जग्गाधनी वा भोगचलन गर्ने व्यक्ति वा संस्थाले आफ्नो स्वामित्वमा रहेको जग्गामा जलाधार संरक्षण सम्बन्धी संरचनाहरु निर्माण गर्दा आवश्यक पर्ने ज्ञान, प्राविधिक सेवा, र आर्थिक सहयोग चाहेमा अनुसूची-२ बमोजिमको निवेदन कार्यपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

समिर राई
अध्यक्ष/प्रमुख

(२) यसरी गाउँपालिकाको कार्यालयसमक्ष निवेदन पेश भएमा गाउँपालिकाले आफ्नो बजेट तथा कार्यक्रमबाट आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्नेछ । गाउँपालिकामा बजेट तथा कार्यक्रम उपलब्ध नभएमा जलाधार संरक्षणको क्षेत्रमा काम गर्ने प्रदेश तथा संघीय सरकार अन्तर्गतको कार्यालय एवं विकास साझेदारसंग समन्वय गरी आर्थिक एवं प्राविधिक स्रोत साधन जुटाउन सहजीकरण गर्नेछ ।

६. <u>योजना कार्यान्वयन गर्दा सहमति लिंनुपर्ने:</u> (१) जलाधार क्षेत्र संग सम्बन्धित आयोजना कार्यान्वयनको लागि गठन भएका निर्माण समिति, उपभोक्ता समिति, गैर सरकारी संस्था, सहकारी क्षेत्र, निर्माण व्यवसायीले गाउँपालिका क्षेत्रभित्र स्थानीय तहको अधिकारसंग सम्बन्धित विषयमा योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा गाउँपालिकालाई जानकारी गराई सहमति लिई एकीकृत एवं समन्वायत्मक ढंगले सञ्चालन गर्नु पर्नेछ ।

(२) अनुमति लिंदा अनुसूची-३ बमोजिमको निवेदनसाथ विस्तृत आयोजना प्रतिवेदन, डिजाईन,लागत अनुमान, आर्थिक एवं प्राविधिक स्रोत साधनको उपलब्धता, कार्यान्वयन गर्ने संस्था समेतको विवरण संलग्न राखि पेश गर्नु पर्नेछ ।

(३) गाउँपालिकाले पेश भएका योजना तथा कागजातहरुको अध्ययन गरी आवश्यकता अनुसार सम्बन्धित वडा कार्यालयहरुको राय परामर्श लिई कार्यक्रम सञ्चालन सहमति प्रदान गर्नेछ ।

७. <u>संघीय तथा प्रदेश सरकारबाट सञ्चालन हुने योजनाको कार्यान्वयन:</u> (१) संघीय सरकार तथा प्रदेश सरकार अन्तर्गतका निकायहरु, आयोजना, परियोजना तथा आर्थिक सहयोगमासञ्चालन हुने योजनाको हकमा योजना तयारी तथा कार्यान्वयन गर्ने प्रकृया पहिलेनै निर्धारण गरेको भएमा गाउँपालिकाले सोही प्रकृया बमोजिम आयोजना कार्यान्वयनमा सहजीकरण तथा सहयोग गर्नेछ ।

(२) उपदफा १ बमोजिमको सहजीकरणको लागि गाउँपालिकाले योजना कार्यान्वयन विधि, डिजाईन, योजना कार्यान्वयन समयतालिका, लागत अनुमान, बजेट लागयतको विषयमा जानकारी प्राप्त गर्न संघ तथा प्रदेश सम्बद्ध सम्बन्धित निकायलाई अनुरोध गर्नेछ ।

समिर राई
अध्यक्ष/प्रमुख

(३) योजना तर्जूमाको समयमानै गाउँपालिकासंग छलफल भई संघीय तथा प्रदेश सरकार मार्फत सञ्चालन भएका योजनाको कार्यान्वयनमा गाउँपालिकाले विषेश प्रथामिकता दिनेछ ।

## परिच्छेद-३

## एकीकृत जलाधार व्यवस्थापन योजना तर्जूमा तथा कार्यान्वयन

८. आधारभूत तथ्याङ्कहरुको राखे जिम्मेवारी वडा कार्यालयहरुको हुने: (१) एकीकृत जलाधार व्यवस्थापनसंग सम्बन्धित तथ्याङ्क वडा कार्यालयले अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) वडा कार्यालय तथा गाउँपालिकाले तयार गर्ने वडा बस्तुगत प्रोफाईलहरुमा उपलब्ध भौतिक संरचनाहरु, जलवायु संग सम्बन्धित विवरण, उपलब्ध जैविक विविधता, सामुदायिक वन, कृषि वन, कबुलियति वन, निजी वन, नदी प्रणाली, उपलब्ध वातावरणीय सेवाहरु, जलाधार तथा सुक्ष्म जलाधार क्षेत्रको विवरण समेत उल्लेख गरिनेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र एकीकृत जलाधार योजना तथा कार्यक्रमहरु तर्जूमा गर्दा गाउँपालिकाको भू-धरातलीय स्वरुप एवं भौगोलिक विविधता, विकास पूर्वाधारहरुको उपलब्धता, तापक्रम वृद्धि, पहिरो, खडेरी, तथा भू-स्खलन नदी कटान, वन डढेलो, जस्ता प्राकृतिक प्रकोपहरु, उपलब्ध जैविक विविधता, पारिस्थकीय प्रणाली एवं वातावरणीय सेवा, सामाजिक-आर्थिक एवं साँस्कृतिक अवस्था, कृषि, पशुपालन, रोजगारी लगायतका जिविकोपार्जन तथा आयआर्जनका अवसरहरु, आर्थिक सम्पन्नता स्तरीकरण, लैङ्गिक तथा सामाजिक समावेशीकरण आदिको वस्तुगत रुपमा विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जूमा गरिनेछ ।

९. एकीकृत जलाधार व्यवस्थापन योजना तर्जूमा: (१) जलाधार क्षेत्रको भू-धरातलीय अवस्था, प्राकृतिक तथा मानवजन्य गतिविधिबाट उत्पन्न वहु प्रकोप तथा विपद्हरु, पारिस्थितिकीय प्रणालीबाट सिर्जना हुन सक्ने वातावरणीय सेवा, जलाधार क्षेत्रको उत्पादन तथा उत्पादकत्व र स्थानीय जनताको समाजिक-आर्थिक अवस्था, जल उपयोग तथा वितरण प्रणाली आधारमा गाउँपालिका भित्रको जलाधार-उप जलाधार तथा शुक्ष्म जलाधारहरु पहिचान गरी अनुसूची-४ बमोजिमको एकीकृत जलाधार व्यवस्थापन दीर्घकालीन, मध्यकालीन तथा आवधिक योजना वनाई सोको आधारमा बार्षिक योजना तर्जूमा गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(२) योजना तर्जूमा गर्दा प्रथामिकता प्राप्त जलाधारमा तल्लो तटीय र उपल्लो तटीय क्षेत्रको अन्तरसम्बन्ध पहिचान गरी उपल्लो तटीय क्षेत्रको संरक्षणलाई विशेष

प्रथामिकता दिई समग्र जलाधार क्षेत्रको स्थानीय समुदाय रपारिस्थितिकीय प्रणालीलाई लाभ पुग्ने गरी, वहु प्रकोप जोखिम न्यूनीकरण, उत्पादन तथा उत्पादकत्व विकास, सङ्कटासन्न घरधुरीहरुको जलवायु उत्थानशीलता विकास, लैङ्गिक तथा समाजिक समावेशीकरण तथा भौतिक पूर्वाधारहरुको दिगोपना कायम हुनेगरी कार्यक्रमहरु छनौट गरिनेछ ।

(३) एकीकृत जलाधार व्यवस्थापन योजनामा अनुसूची-५ मा उल्लिखित आधारहरुमा वृहत्तर जलाधार, जलाधार, उप-जलाधार र शुक्ष्म जलाधार पहिचान तथा प्रथामिकीकरण गरी देहाय बमोजिमका जलाधार व्यवस्थापनसंग सम्बन्धित कार्यक्रमहरु जनसहभागितमूलक कार्यक्रमहरु समावेश गरिनेछ ।

(क) बर्षातमा परेको पानी सङ्कलन गर्न प्रविधिको विस्तार, पानी भण्डारणको लागि पोखरी तथारिजर्भ ट्याङ्की निर्माण, लिफ्ट प्रणाली, मुहान संरक्षण, फोहरा सिंचाई, संरक्षण पोखरी निर्माण;

(ख) मुलाधार संरक्षण, संरक्षित जलाधार क्षेत्रको पहिचान व्यवस्थापन, जल भरण, वनको संरचना परिवर्तन गरी कोणधारी वन भएका वनहरुलाई चौडापाते वनको रुपमा विकास गर्ने जस्ता कृयाकलापहरु सञ्चालन;

(ग) ग्रामीण सडक, नहर, सिचाई कूलो, पुल, भवन, लगायतका विकासका पूर्वाधारहरु निर्माण गर्दा हुन सक्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न पूर्वाधार संरक्षणमूलक संरचना तथावायो ईन्जिनियरिङ्ग प्रविधिलाई एकीकृत रुपमा सञ्चालन;

(घ) भू-क्षय, पहिरो, , सुख्खा, आगलागी,बाढी, नदी कटान जस्ता प्रकोपहरुबाट क्षतिग्रस्त भूमिको पहिचान गरी प्रकोप रोकथाम, उत्पादन, उत्पादकत्व तथा जलवायु परिवर्तनउत्थानशीलता विकास;

(ङ) स्थानीय तहको नेतृत्वमा समुदाय परिचालन गरी समुदायमा आधारित पहिरो, खडेरी, आगलागी जस्ता विपद् वस्थापन;

(च) विपद व्यवस्थापनका लागि बाली तथा पशु विमा, वाँस रोपण, संरक्षण वृक्षारोपण, समुदायमा आधारित विउ वैङ्क, तटवन्ध तथा चेक ड्याम निर्माण;

(छ) भिरालो तथा हैसियत कम भएको खेतियोग्य र नदी उकास जमिनमा गह्रा सुधार तथा उपयुक्त खेती प्रणालीको विकास तथा अवलम्बन;

(ज) चक्रिय बाली, भिरालो जमिनमा कृषि प्रविधि, संरक्षण खनजोत,वहुबाली, भिरालो जमिनमा झाडीको लहर, बायोचार, कम्पोष्ट तथा गोठेमल, एकीकृत शत्रुजीव व्यवस्थापन जस्ता प्रविधि अवलम्बन गरी खेतियोग्य जमिनको संरक्षण;

(झ) भूक्षय नियन्त्रणको लागि हाँगा मुठा फ्यासिन, पेलिसेड, गल्छी नियन्त्रण जस्ता कार्यक्रमहरु

(ञ) सार्वजनिक तथा खाली जग्गामा डालेघाँस, फलफुल, बहुबर्षिय नगदेवालीको विकास एवं विस्तार गरी हरियाली प्रवर्द्धन तथा जमिनको पानी वहन क्षमता अभिवृद्धि कार्यक्रम;

(ट) दुर्लभ तथा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पति पाईने क्षेत्र, पानीको मुहान, धार्मिक वन, जस्ता विशेष पारिस्थितिकीय प्रणालिको पहिचान तथा संरक्षण संरक्षित जलाधारको रुपमा व्यवस्थापन;

(४) जलाधार व्यवस्थापनको लागि एकीकृतदीर्घकालीन, आवधिकतथा बार्षिक योजना तर्जूमा गर्दा स्थानीय वडा, वन कार्यालय तथा सम्वद्ध सरोकारवालाहरुसंग छलफल तथा अन्तरक्रिया गरिनेछ ।

(५) एकीकृत जलाधार व्यवस्थापन योजना तर्जूमा गर्दा विषय विज्ञ, स्थानीय वुद्धिजिवी, जलाधार विज्ञ, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक युवा, लगायतका सरोकारवालाहरुको अधिकतम सहभागति गराईनेछ ।

(६) जलाधार व्यवस्थापन योजनामा आर्थिक स्रोतको पूर्वानुमान, आयोजनाको प्रथामिकीकरण, योजना कार्यान्वयन समयतालिका, योजना कार्यान्वयनसंग सम्वद्ध सरोकारवालाहरुको जिम्मेवारी एवं अनुगमन तथा मुल्याङ्कनको व्यवस्था समेत राखिनेछ ।

१०. <u>योजना कार्यान्वयनको लागि स्रोत साधनको व्यवस्था:</u> (१) एकीकृत जलाधार व्यवस्थापन कार्ययोजना कार्यान्वयनको लागि गाउँपालिकाले प्रस्तावित कार्यक्रमहरुलाई गाउँपालिकाको विषयगत योजना, बार्षिक योजना, खर्च संरचनामा आन्तरिकीकरण गरी कार्यान्वयन गर्नेछ ।

(२) एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयनको लागि गाउँपालिकाले आन्तरिक स्रोतको,सःशर्त अनुदान, विशेष अनुदान, वित्तियं समानीकरण अनुदान, समपुरक अनुदान, मार्फत संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने स्रोत साधन परिचालन गर्नेछ ।

(३) गाउँपालिकाले एकीकृत जलाधार योजना कार्यान्वयनका लागि प्रदेश तथा संघीय सरकार, सहकारी, नागरिक समाज, निजी क्षेत्र, दातृ निकाय, विकास साझेदार, कार्वन व्यापार तथा वातावरणीय सेवाबाट प्राप्त हुने आर्थिक तथा प्राविधिक स्रोत सामाजिक उत्तरदायित्व वहन गर्ने संस्थाबाट आर्थिक स्रोत प्राप्त गर्न आवश्यक सहजीकरण तथा समन्वय गरिनेछ ।

(४) एकीकृत जलाधार व्यवस्थापनका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा जनसहभागीमा विशेष जोड दिईनेछ ।

(५) गाउँपालिकाले जलाधार व्यवस्थापन योजनाको कार्यान्वयनमा आफ्नो क्षेत्रभित्रका निजी क्षेत्र, सामुदायिक संघ संस्था, सहकारी संस्था तथा गैरसरकारी क्षेत्र, उपभोक्ता समिति तथा निर्माण समिति, को परिचालन र समन्वय लाई प्रोत्सहान गर्नेछ ।

(६) एकीकृत जलाधार व्यवस्थापन सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन र, अनुगमनको लागि समन्वय गर्न गाउँपालिकाले जलवायु तथा जलाधार व्यवस्थापन ईकाई गठन गर्नेछ ।

(७) जलवायु तथा जलाधार व्यवस्थापन ईकाईलाई स्रोत साधन सम्पन्न वनाई विपद् व्यवस्थापनका क्रियाकलापको जिम्मेवारी समेत प्रदान गरिनेछ ।

११. <u>जलवायु परिवर्तन उत्थानशीलता विकास सम्बन्धी कार्यक्रम सञ्चालनः</u> (१) जलवायु परिवर्तनबाट परेका प्रतिकूल प्रभावहरुको अनुकूलन तथा पारिस्थितिकीय प्रणाली र स्थानीय समुदायको जलवायु उत्थानशीलता विकासका लागि जलवायु परिवर्तन अनुकुलन कार्यक्रमहरुलाई एकीकृत जलाधार व्यवस्थापन योजनामा आन्तरिकीकरण गरिनेछ ।

(२) एकीकृत जलाधार व्यवस्थापन योजनामा समावेश भएका जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशीलता विकास, दिगो जिविकोपार्जन, लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्वन्धी कार्यक्रमहरुलाई गाउँपालिकाको बार्षिक योजना, बजेट, खर्च संरचना र अनुगमन तथा मुल्याङ्कन योजनामा मूलप्रवाहीकरण गरी कार्यान्वयन गरिनेछ ।



सम्भिर राई

(३) जलवायु परिवर्तनका कारणले पर्न सक्ने जोखिम आंकलन गरी जलाधार स्तरमा योजना तथा कार्यक्रम तर्जुमा गर्दा देहाय बमोजिमका अनुकूलन, समानुकूलन, विपद् जोखिम न्युनीकरण तथा जलवायु उत्थानशीलता विकासका कार्यक्रमहरु एकीकृत रुपमा सञ्चालन गरिनेछ ।

(क) जलवायू परिवर्तनबाट सिर्जित बाढी, पहिरो, खडेरी, चट्याङ्ग, वन डढेलो, आगलागी, महामारी लगायतका प्रकोपहरुका अनुगमन, पूर्वानुमान, तथा पूर्व सूचना प्रणाली व्यवस्थापनमा सरोकारवालाहरुसंग सहकार्य तथा समन्वय;

(ख) भौतिक संरचनाको डिजाईन र निर्माण गर्दा जलवायुजन्य जोखिम न्यूनीकरणका उपायहरुको अनुसरण;

(ग) पानीको स्रोतको संरक्षण, वहुआयामिक प्रयोग, पानी किफायती सिंचाई प्रविधि, जल भरण, जल भण्डारणको लागि प्रविधिको विकास तथा विस्तार;

(घ) सुख्खा क्षेत्रको निम्ति उपयुक्त हुने कृषि बालिको पहिचान गरी प्रवर्द्धन;

(ङ) बाली विविधिकरण, कृषि जैविक विविधताको संरक्षण र प्राङ्गारिक खेती प्रणालीको प्रवर्द्धन;

(च) बाली विविधिकृत करेशाबारी एवं घरबगैंचाको विकास तथा प्रवर्द्धन;

(छ) बाँझो कृषियोग्य जमिनमा वहुउपयोगी रुख प्रजातिहरु सहितको कृषि वन प्रणालीका विकास,

(ज) जलवायु परिवर्तनको जोखिममा रहेका दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु र वनस्पति एवं संवेदनशील पारिस्थितिकीय प्रणालीको संरक्षण कार्यलाई एकीकृत जलाधार व्यवस्थापन योजनामा मूलप्रवाहीकरण;

(झ) वनमां लाग्ने रोग, किरा, खडेरी, डढेलो र मिचाहा प्रजातिको प्रकोपको न्यूनीकरण तथा व्यवस्थापन गर्न डिभिजन वन कार्यालय, अनुसन्धानमूलक संघ संस्था र सामुदायिक वनसंग सहकार्य गरिनेछ ।

(ञ) जलवायुमैत्री खेती प्रणालीसंग सम्बन्धित परम्परागत ज्ञान, सीप र अभ्यास एवं नविनतम प्रविधिको अभिलेखीकरण, प्रवर्द्धन र विस्तार;

समिर राई
प्रमुख

(ट) जलवायु परिवर्तन उत्थानशील न्यून कार्वन उत्सर्जन सम्बन्धि प्रविधिको विकास तथा विस्तार;

(ठ) वातावरणीय अध्ययन गरी स्थानीयस्तरका विकास निर्माणका परियोजनालाई जलवायु उत्थानशील वनाउन समन्वय तथा संयन्त्रको विकास;

(ड) जलवायु परिवर्तन सम्बन्धी विद्यालय शिक्षा कार्यक्रम सञ्चालन;

(४) जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशीलता विकासका कर्यक्रमहरुको योजना तर्जूमा तथा कार्यान्वयन गर्दा संघीय तथा प्रदेश सरकार, नागरिक समाज, निजी क्षेत्र, विकास साझेदारसंग समन्वय गरीनेछ ।

१२. <u>वातावरणीय सेवा प्रवर्द्धन:</u> (१) एकीकृत जलाधार व्यवस्थापन योजना तयार गर्दा गाउँपालिकामा उपलब्ध भएका तथा उपलब्ध हुन सक्ने सम्भावना रहेका अनुसूची-६ बमोजिमका वातावरणीय सेवाहरुको पहिचान तथा अभिलेखीकरण गरीनेछ ।

(२) प्रचलित कानूनसंग नबाझिने गरीगाउँपालिकामा उपलब्ध जलस्रोत उपयोगको प्रथामिकता निर्धारण गरी पानी मुहान, आहाल तथापोखरीहरुको अभिलेखीकरण, दर्ता गरी परम्परागत उपयोग समेतको आधारमा जलस्रोतको प्रयोग एवं वितरण गरिनेछ ।

(३) जलाधार स्तरमा उपल्लो तटीय तथा तल्लो तटीय अन्तरसम्बन्धलाई पहिचान गरी संघीय तथा प्रदेश सरकारको समन्वयमा वातावरणीय सेवाको भुक्तानी संयन्त्रको विकास गरी कार्यान्वयनमा ल्याईनेछ ।

(४) जलवायु परिवर्तनको प्रतिकूल प्रभावको जोखिममा रहेका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरुको पहिचान गरी त्यस्ता सम्पदाहरुको एकीकृत संरक्षण र व्यवस्थापन गरिनेछ । परम्परागत मूल्य मान्यता तथा व्यवस्थापन पद्धतिहरुलाई संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

१३. <u>जलवायु उत्थानशील दिगो जिविकोपार्जन:</u> (१) संरक्षणमुखी कृषि प्रणाली, कृषि वन, नीजि तथा कबुलयति वन, पशुपालन, प्राकृतिक स्रोत साधनमा आधारित उद्यमशिलता विकास, जस्ता कार्यक्रमहरुलाई एकीकृत जलाधार व्यवस्थापन योजना तथा गाउँपालिकाकाले तर्जूमा गर्ने दीर्घकालीन, बार्षिक तथा आवधिक योजनाहरुमा आन्तरिकीकरण गरीनेछ ।

(२) जलवायु उत्थानशील जिविकोपार्जनका असल अभ्यास तथा सिकाईहरुलाई गाउँपालिका तथा विकास साझेदारद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमहरुमा मूलप्रवाहीकरण गरिनेछ ।

(३) जलवायु उत्थानशील दिगो जिविकोपार्जनका देहाय बमोजिमका कार्यक्रमहरुलाई प्रथमिकताको आधारमा योजना तथा कार्यक्रमहरुमा समावेश गरिनेछ ।

(क) पानीको स्रोत संरक्षण, जल भरण, जल भण्डारणलाई कृषि प्रणालीसंग आवद्ध गरी पानीको वहुआयामिक प्रयोग गर्दै कृषि क्षेत्रको उत्पादकत्व अभिवृद्धि;

(ख) पानीको उपलब्धता र पहुँच वृद्धि गर्न थोपा सिंचाई, सौर्य सिंचाई, प्लाष्टिक पोखरी, कूलो, तलाउ निर्माण गर्ने र लोप भएका पोखरीहरुको पुनर्स्थापना;

(ग) गह्रा सुधार तथा उपयुक्त खेती प्रणाली (साल्ट प्रविधि, एकीकृत कृषि वन प्रविधि

(घ) कृषि तथा पशुपंक्षी विमा लागू गरी जोखिम न्यूनीकरण;

(ङ) जलवायु उत्थानशील खेतिपाति प्रविधिको विकास एवं विस्तारमा युवाहरुलाई अभिमुखीकरण तथा क्षमता विकास;

(च) स्थानीय स्तरमा कृषि सुचना प्रणाली स्थापना गरी मौसम तथा कृषि सम्बन्धी सूचना प्रवाह;

(छ) उपलव्ध ज्ञान तथा प्रविधिको प्रयोग गरी कृषि, वन, पशुपालन जस्ता क्षेत्रलाई रोजगारमूलक वनाउन युवाहरुको क्षमता विकास एवं परिचालन;

(ज) गरिब, भूमिहिन र सङ्कटासन्न घरधुरीहरुको लागि जिवकोपार्जनका र आयआर्जनका उपायहरु पहिचान गरी कार्यान्वयन;

(झ) कृषि तथा वन पैदावारमा आधारित साना उद्यमहरुको विकास;

(ञ) भौतिक संरचना निर्माण गर्दा उपयुक्त सामग्री तथा प्रविधिको प्रयोग गरी जलवायु उत्थानशील वनाउने;

१४. <u>लैङ्गिक तथा समाजिक समावेशीकरण</u> (१) एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा प्रकृयामानै महिला, जनजाति, दलित, आदिवासी, सीमान्तकृत, आर्थिक रुपमा पछाडी परेका समुदायलगायतका लक्षित वर्गको सहभागितालाई अनिवार्य गरिनेछ ।

(२) एकीकृत जलाधार व्यवस्थापन योजना, जलवायु परिवर्तन उत्थानशीलता योजना, जिविकोपार्जन तथाक्षमता विकास योजना, कार्यक्रम, खर्च संरचना र बजेट प्रणालीलाई लक्षित वर्गमैत्री तथा लैङ्गिक उत्तरदायि वनाईनेछ ।

(३) एकीकृत जलाधार व्यवस्थापन योजना तथा कार्यक्रमहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धी सम्झौता र प्रतिवद्धताहरुलाई मूलप्रवाहीकरण गरिनेछ ।

(४) वडा कार्यालयहरु मार्फत महिला, बालबालिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, दलित, लोपोन्मुख, सिमान्तकृत, आदिवासी जनजाति जेष्ठ नागरिक, लगायतका लक्षित वर्गको विवरण संङ्कलन गरी अद्यावधिक गरिनेछ । रोजगारी, जिविकोपार्जन, सीप तथा क्षमता विकाससंग जोडिएका कार्यक्रमहरुमा लक्षित वर्गको सहभागितालाई जोड दिईनेछ ।

(५) लैङ्गिक तथा समाजिक समावेशीकरणको लागि देहाय बमोजिमका कार्यक्रमहरुलाई आवश्यकताको आधारमा प्रथामिकीकरण गरी सञ्चालनमा ल्याईनेछ ।

(क) महिला तथा सङ्कटासन्न समुदायलाई कृषि उद्यम सञ्चालन गर्न सहुलियत र सहजीकरण उपलब्ध गराउने;

(ख) लक्षित वर्गलाई न्यून व्याजदरमा सहज कर्जा प्रवाहको लागि नीतिगत व्यवस्था गरी बैकल्पिक धितोको व्यवस्था गर्ने;

(ग) कृषिमा संलग्न महिला र विपन्नहरुको जोखिम कम गर्नका लागि नवीन उपकरणहरु वनाउउन निजी क्षेत्रसंग सहकार्य गर्ने;

(घ) जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकुलनको लागि कृषक पाठशाला स्थापना गरी महिला तथ सङ्कटासन्न कृषकहरुबीच सूचना, ज्ञान र सीपको आदान-प्रदान;

(ङ) कृषि तथा जलाधार संरक्षणको क्षेत्रमा विभिन्न तहमा महिलाहरुको संस्थागत क्षमता विकास तथा नेतृत्व विकास सम्बन्धि कार्यक्रम सञ्चालन;

(च) व्यापार व्यवसाय तथा उद्यमहरुमा महिला र सङ्कटासन्न घरधुरीहरुको सहभागीता अभिवृद्धि, महिलाको नाममा उद्योग दर्ता गर्ने प्रकृयालाई प्रोत्सहान तथा सरलीकरण; प्राविधिक ज्ञान तथा सीप विकास गर्न तालिमहरु सञ्चालन ,

(छ) जलाधार व्यवस्थापन, दिगो वन व्यवस्थापन, तथा वातावरणीय सेवाको भुक्तानीबाट प्राप्त हुने रोजगारीम महिलाको सहभागीता बढाउने;

(ज) विपद् प्रतिकार्यको लागि गठन हुने समिति, कार्यदल र समुहहरुमा महिला तथा सङ्कटासन्नताको प्रतिनिधित्व वृद्धि;

(झ) जलवायु परिवर्तनका कारण स्वास्थ्य तथा सरसफाईमा पर्ने असरहरुको बारेमा जनचेतना अभिवृद्धि;

(६) एकीकृत जलाधार व्यवस्थापन, जलवायु परिवर्तन समानुकूलन, दिगो जिविकोपार्जन, स्वास्थ्य तथा खानेपानी, सरसफाई जस्ता सामाजिक विकासका योजना तथा कार्यक्रमहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरणसंग सम्बन्धि अनुसूची-७ मा उल्लेख गरिएका सूचकहरुको अनुगमन संयन्त्र तथा प्राविधिक कार्य समुह मार्फत नियमित अनुगमन र मूल्याङ्कन गरिनेछ।

१५. <u>सीप तथा क्षमता विकास र प्रविधि हस्तान्तरण:</u> (१) गाउँपालिका स्तरमा जलवायु तथा विपद् ज्ञान केन्द्र स्थापना गरी कार्य अनुभव, अध्ययन, अनुसन्धान तथा व्यवहारिक शिकाई गर्ने र त्यस्ता सिकाईहरुलाई कार्यक्रम तर्जूमा तथा कर्यान्वयनमा प्रयोग तथा आन्तरिकीकरण गरिनेछ ।

(२) जलाधार व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशीलता विकास, विपद् व्यवस्थापन सम्बन्धी परम्परागत ज्ञान तथा सीपको अभिलेखीकरण गरी एकीकृत जलाधार व्यवस्थापन योजनाहरुमा अन्तरिकीकरण गरिनेछ ।

(३) कृषि, वन, पशुपालन, सरसफाई, स्वास्थ्य लगायतको क्षेत्रमा सुख्खा तथा खडेरी प्रतिरोधात्मक एवं पानी किफायति आधुनिक प्रविधिहरुको विकास तथा विस्तार गरिनेछ ।



समिर राई
अध्यक्ष / प्रमुख

(४) एकीकृत जलाधार व्यवस्थापन, स्थानीय स्तरका जलवायु उत्थानशीलता विकास सम्बन्धी कार्यहरू स्थानिय रुपमा वडा तहबाटै सञ्चालन तथा अनुगमन गर्ने व्यवस्था मिलाउन स्थानीय वडा तहको संस्थागत संरचना विकास गर्ने तथा स्थानीय तहका कर्मचारी, पदाधिकारीहरु, र सरोकारवालाहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

(५) सङ्कटासन्न स्थानीय समुदायलाई जलाधार व्यवस्थापन, जलवायु परिवर्तनका विविध पक्षहरुमामा सुसूचित गर्न तथा क्षमता अभिबृद्धिको लागि अनुसन्धानमूलक संघ संस्था, गैर सरकारी संघ संस्थाहरू, सहकारी क्षेत्र एवम् नागरिक समाजसंगको समन्वयमा जनचेतना, तालिम तथा अभिमुखीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(६) जलवायु परिवर्तनका लागि उपलब्ध प्राविधिक तथा आर्थिक स्रोतमा सङ्कटासन्न घरधुरी तथा लक्षित वर्गको पहुँच बढाउन औपचारिक, अनौपचारीक, दूर शिक्षा, खुला तथा स्थलगत शिकाईको माध्यमबाट स्थानीय सङ्कटासन्न व्यक्ति, परिवार र युवाको क्षमता विकास गरी परिचालन गरिनेछ ।

१६. **सुशासन प्रवर्द्धनः** (१) योजनासंग सम्बन्धित भुक्तानी प्रकृयालाई विद्युतीय एवं बैङ्क मार्फत गर्ने व्यवस्था मिलाउने र कार्यसम्पन्नताको आधारमा भूक्तानी गरिनेछ ।

(२) एकिकृत जलाधार व्यवस्थापन योजना अन्तर्गत उपभोक्ता समिति तथा लाभान्वित समुदाय मार्फत सञ्चालन हुने कार्यक्रमहरुको परियोजनाको सुरु तथा अन्त्यमा गाउँपालिका वा वडास्तरीय प्रतिनिधिको संलग्नतामा सार्वजनिक सुनुवाईको आयोजना गरी अनुसूची-८ बमोजिमको योजना, कार्यक्रम तथा वित्तिय विवरणहरु सार्वजनिक गरिनेछ ।

(३) सार्वजनिक सुनुवाईबाट प्राप्त राय सुझावहरुलाई योजना तर्जूमा, कार्यान्वयन तथा अनुगमन प्रणालीमा मूलप्रवाहीकरण गरिनेछ ।

(४) ठेक्का प्रकृयाबाट निजी क्षेत्र मार्फत सञ्चालन हुने कार्यक्रमको हकमा स्वीकृत डिजाईन तथा लागत अनुमानभन्दा कमसल काम गरेको र , तोकिएको समयमा कार्य सम्पन्न नहुने देखेमा भुक्तानी सच्याउन सुझाव पेश गरिनेछ ।

(५) आयोजना सम्बन्धि स्थानीय समुदायले गुनासो तथा उजुरी प्राप्त दिन सक्ने गरी संयन्त्र विकास गरी गुनासो तथा उजुरीको यथोचित संवोधन गरिनेछ ।

(६) आयोजना कार्यान्वयन स्थलमा आयोजनाको जानकारी सहितको सूचना पार्टी राखिनेछ । गाउँपालिकाको वेवसाईटमा आयोजको डिजाईन, लागत अनुमान, सञ्चालन अवधि सहितको जानकारी राखिनेछ ।

१७. <u>जलाधार तथा जलवायु परिवतर्तन अनुकूलन सञ्चित कोषः</u> (१) केपिलासगढी गाउँपालिका अन्तर्गत जलाधार तथा जलवायु परिवर्तन सञ्चित कोषको स्थापना गरिनेछ ।

(२) कोषमा गाउँपालिकाको आन्तरिक स्रोत, वन पैदावार, खानी तथा अन्य प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त रोयल्टी, संघ तथा प्रदेश सरकार अन्तर्गतका निकायबाट प्राप्त हुने अनुदान, विकास साझेदार तथा दातृ निकायबाट प्राप्त सहयोग, दान दातब्य, चन्दा, बाट प्राप्त हुने रकम जम्मा गरिनेछ ।

(३) सञ्चित कोषको रकमलाई संरचनाहरुको मर्मत संभार, लक्षित वर्गको जिविकोपार्जन, लैङ्गिक तथा समाजिक समावेशीकरण, जलवायु परिवर्तन उत्थानशीलता विकास जस्ता कार्यमा खर्च गर्ने गरी प्रचलित कानून बमोजिम कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि वनाई सोही कार्यविधि बमोजिम सञ्चालन गरिनेछ ।

१८. <u>सहभागितामूलक व्यवस्थापनः</u> (१) जलवायु परिवर्तन तथा जलाधार व्यवस्थापन वहु आयामिक र वहुक्षेत्रगत विषय भएको हुँदा गाउँपालिकाले जलाधार व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन कार्यक्रमहरु सञ्चालन गर्दा तीनवटै तहका सरकार, गैर सरकारी संस्था, विकास साझेदार संस्था र समुदायमा आधारित संगठित संस्था, निजी तथा सहकारी क्षेत्र, नागरिक समाजमा आवद्ध सरोकारवालाहरुलाईसहभागि गराई गरिनेछ ।

(२) योजना कार्यान्वयनमा बहु क्षेत्रगत निकायहरुको सहकार्य र समन्वय रहने भएकोले संघ प्रदेश र स्थानीय स्तरका कार्यक्रमहरुलाई एकीकृत र समन्वायत्मक तवरले कार्यान्वयन गरिनेछ ।

१९. <u>समन्वय संयन्त्रको व्यवस्थाः</u> (१) जलाधार क्षेत्रको दिगो व्यवस्थापनका लागि योजना तर्जूमा तथा छनौट, योजनाको कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन मर्मत सम्भार जस्ता कार्यहरुको सहजीकरण र समन्वयका लागि देहाय अनुसारको एकीकृत जलाधार व्यवस्थापन समन्वय संयन्त्र गठन गरिनेछ ।

१. गाउँपालिका, अध्यक्ष -संयोजक

२. गाउँपालिका उपाध्यक्ष -सह-संयोजक

३. जिल्ला समन्वय समितिको महिला प्रतिनिधि -सदस्य

४. प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका -सदस्य

५. प्रमुख/अधिकृत प्रतिनिधि, वृहत जलाधार व्यवस्थापन केन्द्र (कोशी) -सदस्य

६. प्रमुख/अधिकृत प्रतिनिधि, डिभिजन वन कार्यालय -सदस्य

७. प्रमुख/अधिकृत प्रतिनिधि भू तथा जलाधार व्यवस्थापन कार्यालय - सदस्य

८. प्रमुख/अधिकृत प्रतिनिधि, कृषि ज्ञान केन्द्र -सदस्य

९. विपद् व्यवस्थापन समितिको संयोजक -सदस्य

१०. संयोजकले तोकेको सम्बन्धित क्षेत्रको अनुभवि महिला -सदस्य

११. गाउँ कार्यपालिकाको महिला प्रतिनिधि दुई जना- सदस्य

१२.गाउँपालिकाको योजना शाखा प्रमुख -सदस्य सचिव

द्रष्टव्यः जलाधार व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनसंग सम्बन्धित अन्य संगठित संघ संस्थाहरु, सरकारी तथा गैर सरकारी संघ संस्थाहरुलाई समावेशीको सिद्धान्त अनुसार आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

२०. <u>समन्वय संयन्त्रको काम, कर्तब्य र अधिकारः</u> (१) एकीकृत जलाधार व्यवस्थापन समन्वय सयन्त्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) एकीकृत जलाधार व्यवस्थापनको लागिदीर्घकालीन तथा आवधिक योजना तयार पारी सो को आधारमा बार्षिक योजना निर्माण गर्ने;

(ख) एकीकृत जलाधार व्यवस्थापन सम्बन्धी कार्यको लागि स्थानीय, प्रादेशिक र संघीय सरकार, निजी तथा सहकारी क्षेत्र, नागरिक समाज र अन्य सरोकारवाला निकायहरुसंग समन्वय गरी एकीकृत रुपमा योजना तथा बजेट तर्जूमा, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन गर्ने;

(ग) एकीकृत जलाधार व्यवस्थापनका लागि स्थानीय, प्रादेशिक तथा संघीय स्तरका सरकारी, गैर सरकारी एवं विकास साझेदारसंग आर्थिक एवं प्राविधिक स्रोत तथा सहयोगको को लागि आवश्यक समन्वय, सहकार्य तथा पहल गर्ने;

(घ) गाउँपालिका क्षेत्रभित्र कार्यरत सरकारी तथा गैर सरकारी व्यक्ति, संस्था तथा निकायहरुबीच समन्वय गरी एकीकृत जलाधार व्यवस्थापन सम्बन्धि क्रियाकलापहरु परिणाममुखी र प्रभावकारी रुपमा सञ्चालन गर्ने;

(ङ) जलवायु उत्थानशील जिविकोपार्जनका लागि जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम न्यूनीकरणका कार्यहरुलाई एकीकृत जलाधार व्यवस्थापनका कार्यहरुमा समावेश गर्ने;

(च) एकीकृत जलाधार व्यवस्थापन कार्यक्रमका लागि आवश्यकता अनुसार नीति, रणनीति, मार्गदर्शन, खर्च संरचना, तथा कार्यविधि तयार गर्ने ।

(छ) एकीकृत जलाधार व्यवस्थानका लागि गाउँपालिकामा एक प्राविधिक कार्य समुह (Technical Working Group-TWG) गठन गरी प्राविधिक रुपमा सञ्चालित कार्यक्रमहरुको नियमित अनुगमन तथा मुल्याङ्कन गर्ने व्यवस्था मिलाउने

(ज) दफा १४ बमोजिमको कोषको स्थापना तथा सञ्चालन सम्बन्धमा आवश्यक कार्यहरु गर्ने;

## परिच्छेद-५

## अनुगमन तथा मुल्याङ्कन सम्बन्धी व्यवस्था

२१. **अनुगमन तथा मुल्याङ्कन** (१) यस निर्देशिकामा उल्लिखित व्यवस्थाको पालना भए नभएको, एकीकृत जलाधार व्यवस्थापन योजनाको कार्यान्वयन, सञ्चालित कार्यक्रमहरुको प्रभावकारीता तथा असर मापन सम्बन्धमा समन्वय सयन्त्रले सरोकारवाला व्यक्ति, संस्था तथा निकायसंगको छलफल, रेकर्डहरुको अध्ययन, स्थलगत अनुगमन अनुगमन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) योजना तथा बार्षिक कार्यक्रमहरुलाई प्रभावकारी वनाउन समन्वय संयन्त्रले कम्तिमा तीन महिनामा र आवश्यकता अनुसार अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्ने र सो को प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२२. **स्वः मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्नेः** (१) गाउँपालिकाभित्र कार्यक्रम सञ्चालन गर्ने संस्था, निकाय तथा सरोकारवालाहरुले सम्बन्धित कार्यक्रमको स्वः मुल्याङ्कन गरी सो को प्रतिवेदन अनुगमन संयन्त्र समक्ष पेश गर्नुपर्नेछ ।

उपदफा १ बमोजिम पेश हुन आएको प्रतिवेदनउपर गाउँ कार्यपालिकाको कार्यालयले अध्ययन गरी आवश्यक राय सुझाव तथा सिफारिस गर्न सक्नेछ र उक्त राय सुझावको कार्यान्वयन गर्नु सम्बन्धित संस्था, निकाय तथा सरोकारवालाको कर्तव्य हुनेछ ।

२३. **अनुगमनको टोली खटाउनेः** अनुगमन संयन्त्रले गाउँपालिकाभित्र सञ्चालित कार्यक्रमहरुको अनुगमनको लागि सम्बन्धित वडा अध्यक्षको संयोजकत्वमा प्राविधिक कर्मचारी सम्मिलित अनुगमन टोली वा दफा १९ को खण्ड (छ) बमोजिमको प्राविधिक कार्य समुह गठन गरी अनुगमन गर्न सक्नेछ ।

## परिचेछेद-६

## विविध

२४. **प्राविधिक सहयोग लिन सक्नेः** एकीकृत जलाधार व्यवस्थापन योजना, विषयगत योजनाको तयारी तथा कार्यान्वयनको सम्बन्धमा गाउँपालिकाको आन्तरिक जनशक्तिबाट गर्न सम्भव नभएको अवस्थामा सम्बन्धित विषय विज्ञहरु वा संस्था वा परामर्शदाताको सहयोग लिन सकिनेछ ।

२५. **निर्देशन दिन सक्नेः** गाउँ सभाले जलाधार व्यवस्थापन समन्वय संयन्त्रको काम कारवाही सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ । गाउँ सभाबाट प्राप्त निर्देशनको पालना गर्नु समन्वय संयन्त्रको कर्तव्य हुनेछ ।

२६. **प्रचलित कानून लागू हुने** :यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानूनसँग बाँझिएमा प्रचलित कानूनको व्यवस्था लागू हुनेछ ।

२७. **संसोधनः** गाउँ कार्यपालिकाले यस निर्देशिकामा उल्लेखित केही विषयहरु थपघट गर्नुपर्ने भएमा आवश्यकता र औचित्यको आधारमा संसोधन गर्न सक्नेछ ।

२८. **खारेजी र बचाउः** यस निर्देशिका लागु हुनु अघि गरेका काम कारवाहीहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

(दफा ३ को उपदफा (१) संग सम्बन्धित)

### जलाधार व्यवस्थापनमा गाउँपालिकाको अधिकार

१. स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु
२. स्थानीय तथ्याङ्क तथा अभिलेख सङ्कलन तथा व्यवस्थापन
३. वातावरण संरक्षण र जैविक विविधता
४. खानेपानी तथा साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा, स्थानीय स्तरको जलवायु परिवर्तन अनुकूलन तथा मानुकूलन
५. विपद् व्यवस्थापन
६. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
७. स्थानीय स्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण
८. स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निर्धारण र सङ्कलन सम्बन्धी व्यवस्थापन
९. पानीघट्ट, कुलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन
१०. वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन तथा नियमन
११. स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारामा वृक्षारोपण व्यवस्थापन
१२. स्थानीय स्तरमा खाली जग्गा, पाखा, वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग तथा व्यवस्थापन
१३. स्थानीय स्तरको जोखिम न्यूनीकरण
१४. स्थानीय स्तरमा हरियाली प्रवर्द्धन
१५. स्थानीय स्तरमा वातावरणीय जोखिम न्यूनीकरण
१६. गरिवी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान
१७. गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन
१८. संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय स्तरको भू-उपयोग नीति, योजना, कार्यक्रम तर्जूमा र कार्यान्वयन

१९. संघीय तथा प्रदेशको मापदण्डको अधिनमा रही व्यवस्थित बस्ती विकासका लागि कार्यक्रमको तर्जूमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन

२०. स्थानीय स्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन

## अनुसूची-२

(दफा ४ को उपदफा (१) संग सम्बन्धित)

**गाउँपालिकाबाट प्राविधिक ज्ञान, सेवा र आर्थिक सहयोग लिन चाहानेले दिने निवेदनको ढाँचा**

श्री अध्यक्षज्यू

केपीलासगढी गाउँपालिका

प्रस्तुत विषयमा यस गाउँपालिकाको मेरो/हाम्रो स्वामित्वमा रहेको निम्न लिखित जग्गामा निम्न लिखित कामहरु गर्न निम्न बमोजिमको प्राविधिक ज्ञान तथा आर्थिक सहयोग आवश्यक भएको सो उपलब्ध गराई दिनु हुन निवेदन पेश गरेको छु/छौ ।

(१) जग्गाको विवरण

(क) क्षेत्रफल

(ख) सिमाना

(ग) चार किल्ला

(२) कामको विवरण

(क) ..............

(ख) ..............

(ग) ..............

(३) आवश्यक प्राविधिक ज्ञान र सेवाको विवरण

(क) .................

(ख) ..................

(ग) ..................

(४) लाग्ने खर्चको विवरण

(क) जम्मा लाग्ने रकम

(ख) आफुले व्यहोर्ने रकम

(ग) आर्थिक सहयोग माग गरेको रकम

निवेदकको

दस्तखत

पुरा नामः

मितिः



समिर राई
अध्यक्ष/प्रमुख

## अनुसूची-३

(दफा ५ को उपदफा (२) संग सम्बन्धित)

### गाउँपालिकामा योजना कार्यान्वयनको अनुमतिको लागि दिईने निवेदनको ढाँचा

श्री अध्यक्षज्यू

केपिलासगढी गाउँपालिका

यस केपीलाशगढी गाउँपालिकामा निम्नानुसारको आयोजना कार्यान्वयनको अनुमति उपलब्ध गराउने व्यवस्थाको यो निवेदन पेश गरेको छु/छौं ।

**क. आयोजनाको विवरण**

१. आयोजनाको नाम

२. आयोजना सञ्चालनसंग सम्बन्धित पक्षहरु (उपभोक्ता समिति, गैर सरकारी संस्था, दातृ निकाय)

३. ठेगाना

४. उद्देश्य

५. आयोजना स्वीकृत गर्ने निकाय

६. आयोजना सुरु हुने मिति

७. आयोजना सम्पन्न हुने मिति

८. आयोजना अन्तर्गत सञ्चालन हुने मुख्य कार्यक्रमहरुको विवरण

**ख. आयोजनाको लागत सम्बन्धि विवरण**

१. अनुमानित लागत रकम रु.

२. लागत व्यहोर्ने श्रोतहरु रु..

३. जनश्रमदानको अंश रु.

**ग. निर्माण सामाग्रीको विवरणः**

| सि.नं. | निर्माण सामग्री व्यहोर्ने निकाय | सामग्रीको नाम | परिमाण | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | गैर सरकारी संघ संस्थाबाट | | | | |
| २ | समुदायमा आधारित संस्थाबाट | | | | |
| ३ | विदेशी दातृ निकायबाट | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | उपभोक्ता समितिबाट | | | | |
| ५ | अन्य | | | | |

घ. आयोजनाबाट लाभान्वित हुने

१. घर परिवार संख्या

२. जनसंख्या ............, महिला.............. पुरुष.............. लक्षित वर्ग..........

ङ. उपभोक्ता समिति र गैर सरकारी संस्थाको विवरण:

१. गठन भएको मितिः

२. पदाधिकारीको नाम र ठेगाना

च. संलग्न कागजातहरु:

१. उपभोक्ता समिति, गैर सरकारी संस्था वा सम्बद्ध निकायबीच भएका सम्झौताका शर्तहरु

२. स्वीकृत आयोजना प्रतिवेदन

निवेदक

नामः

पदः

ठेगानाः

संस्थाको छाप

समिर राई
अध्यक्ष / प्रमुख

अनुसूची-४

(दफा ८ को उपदफा (१) संग सम्बन्धित)

## एकीकृत जलाधार व्यवस्थापन योजनामाको खाका

१. एकीकृत जलाधार व्यवस्थापन योजना औचित्य

२. जलाधार व्यवस्थापन योजनाको आवश्यकता उद्देश्य, क्षेत्र

३. एकीकृत जलाधार व्यवस्थापनका सिद्धान्तहरु

४. जलाधार व्यवस्थापन योजना तर्जुमा विधि

५. जलाधार क्षेत्रको वस्तुगत अवस्थाको विश्लेषणः

- भौगोलिक अवस्था
- माटो, चट्टान तथा भौगर्भिक अवस्था
- जलवायु तथा जलवायु परिवर्तनको विश्लेषण
- भू-उपयोग तथा भू-उपयोग परिवर्तन, जलाधारको उत्पादन तथा उत्पादकत्व
- जलस्रोतको अवस्था,
- मुख्य पारिस्थितिकीय प्रणाली तथा सेवाहरु,
- सामाजिक-आर्थिक अवस्था,
- जलाधार क्षेत्रमा उपलब्ध भौतिक संरचनाहरु

६. लैङ्गिक तथा सामाजिक समावेशीकरण

- जलाधारमा बसोबास गर्ने घरधुरीहरुको लैङ्गिक आय
- लैङ्गिक अवस्था अनुसार रोजगार तथा श्रमको अवस्था
- खानेपानीको उपलब्धता तथा महिलाहरुको पहुँच
- उपलब्ध वित्तिय स्रोत एवं संसाधनहरुमा लैङ्गिक तथा सामाजिक समावेशीकरण

७. जलाधार क्षेत्रका समस्याको पहिचान तथा विश्लेषण

८. लक्षित रणनीति तथा कार्यक्रमहरु

- जलस्रोतको दिगो संरक्षण, व्यवस्थापन तथा सदुपयोग
- दिगो भू-उपयोग व्यवस्थापन
- जिविकोपार्जनका माध्यमहरुको विविधिकरण, आम्दानी तथा रोजगार प्रवर्द्धन
- जलवायु परिवर्तन न्यूनीकरण, अनुकुलन तथा उत्थानशीलता विकास
- विपद व्यवस्थापन



समिर थापा
अध्यक्ष / प्रमुख

- दिगो पुर्वाधार विकास
- एकीकृत सामाजिक विकास
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि
- अन्तरसम्बन्धित कार्यमूलक अनुसन्धान तथा प्रसार

सन्दर्भ सामग्रीहरु

अनुसूचीहरु

## अनुसूची-५

### (दफा ८ को उपदफा (३) संग सम्बन्धित)

### जलाधार क्षेत्रको प्रथमिकीकरणका आधारहरु

| क.सं | आधारहरु | कूल अङ्क | प्राप्त गर्ने अङ्क | | | |
|---|---|---|---|---|---|---|
| १ | गरिवीको सूचाङ्क (कूल जनसंख्यामा गरिवको अनुपात) | १० | ८०% भन्दा बढी (१०) | ८०%-५०% (७.५) | ५०%-२०% (५) | २०% भन्दा कम (२.५) |
| २ | लक्षित वर्ग (कुल जनसंख्यामा लक्षित वर्गको अनुपात) | १० | ४० प्रतिशत भन्दा बढी (१०) | २०-४० (५) | २० प्रतिशत भन्दा कम (३) | - |
| ३ | १० रोपनी भन्दा कम जग्गा भएका घरधुरीहरु | १० | >८०% (१०) | ५०-८०% (५) | <५०% (३) | - |
| ४ | वन क्षेत्रको अवस्था तथा उपयोग | ५ | अत्याधिक दोहन (५) | बढी प्रयोग भएको (३) | सचित प्रयोग (२) | |
| ५ | वहु प्रकोप (खडेरी, बाढी, पहिरो, डढेलो ) | १५ | अत्याधिक समस्याग्रस्त (१५) | समस्याग्रस्त (१०) | न्यून प्रभाव (५) | - |
| ६ | बर्षातको पानीमा निर्भर हुने क्षेत्र | १५ | ९० प्रतिशत भन्दा बढी (१५) | ८०-९०% (१०) | ७०-८०% (५) | ७०% भन्दा कम (०) |
| ७ | पानीको उपलव्धता | १० | स्रोत नभएको (१०) | सिमित स्रोत भएता पनि समस्या भएको (५) | आंशिक रुपमा उपलब्ध भएको (५) | - |
| ८ | क्षतिग्रस्त भूमि | १५ | >२०% (१५) | १०-२०% (१०) | <१०% (५) | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | जमिनको उत्पादन क्षमता | १५ | कम उत्पादकत्व भएको र जलाधार व्यवस्थापन मार्फत उल्लेख्य रुपमा उत्पादकत्व वृद्धि गर्न सकिने (१५) | औषत उत्पादकत्व भएको र जलाधार व्यवस्थापन मार्फत उत्पादकत्व वृद्धि गर्न सकिने क्षेत्र (१०) | उत्पादकत्व बढी भएको र जलाधार व्यवस्थापन मार्फत केही मात्रामा उत्पादकत्व वृद्धि गर्न सकिने क्षेत्र (५) | |
| १० | जलाधार व्यवस्थानका कार्यक्रम सञ्चालन गरिएका जलाधार क्षेत्रसंगको सामिप्यता | १० | जलाधार व्यवस्थापनका कार्यक्रम सञ्चालन भएका जलाधार क्षेत्रसंग जोडिएको (१०) | जलाधार व्यवस्थापनका कार्यक्रम सञ्चालन भएका जलाधार क्षेत्रसंग नजोडिएको (५) | - | - |
| ११ | लघु जलाधार क्षेत्र | १५ | ५ भन्दा बढी लघु जलाधार क्षेत्र (१५) | ३-५ वटा लघु जलाधार क्षेत्र (१०) | २-३ वटा लघु जलाधार क्षेत्र (१०) | |

## अनुसूची-६
### (दफा ११ को उपदफा (१) संग सम्बन्धित)

गाउँपालिकामा उपलब्ध वातावरणीय सेवाहरुको सूची

**क. जलाधार क्षेत्रले उपलब्ध गराएका वातावरणीय सेवाहरु**

१. विद्यमान जैविक विविधताको संरक्षण

२. जलाधार संरक्षण तथा पानीको गुणस्तर तथा स्रोतमा सुधार

३. क्षतिग्रस्त भुमिको पुनरुत्थान तथा प्राकृतिक सौन्दर्यको सुधार

४. पर्यापर्यटनमा योगदान

५. जलवायु परिवर्तन न्यूनीकरण तथा उत्थानशीलता विकास

६. विद्युत उत्पादनमा योगदान

७. मत्स्यपालन तथा जिविकोपार्जनमुखी सेवाहरु

८. कार्वन सञ्चिति

**ख. वातावरणीय सेवाहरुको संरक्षण, प्रवर्द्धन तथा व्यवस्थापनसंग सम्बन्धित सरोकारवालाहरु**

१. गाउँपालिका

२. डिभिजन वन कार्यालय

३. भू-संरक्षण कार्यालय

४. जलविद्युत आयोजनाहरु

५. पर्यापर्टन क्षेत्रसंग सम्बन्धित निकायहरु

६. जिविकोपार्जनमा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा निकायहरु

७. कार्वन व्यापारमा संलग्न संघ संस्था तथा निकायहरु

## अनुसूची-७

### (दफा १३ को उपदफा (५) संग सम्बन्धित)

### लैङ्गिक तथा सामाजिक समावेशीकरणका सूचकहरु

| क.सं. | सूचक | अङ्क | प्राप्ताङ्क | पुष्टयाईका आधारहरु |
|---|---|---|---|---|
| १ | एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणको दृष्टिले सहभागीता भएको छ वा छैन | | | |
| २ | योजनाहरु तर्जूमा गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदायको सुझाव लिईएको छ वा छैन | | | |
| ३ | योजना तथा कार्यक्रममा भएका लैङ्गिक तथा समावेशीकरण सम्बन्धी व्यवस्थाहरुको बारेमा लक्षित वर्ग तथा कर्मचारीहरुलाई अभिमुखीकरण भएको वा नभएको | | | |
| ४ | क्षमता विकास कार्यक्रमहरुमा सहभागी छनौट गर्दा लैङ्गिक तथा सामाजिक बञ्चितिकरणमा परेका व्यक्ति र समुहलाई विशेष प्रथिमकता दिने गरिएको छ वा छैन | | | |
| ५ | जलाधार व्यवस्थापन योजनाहरुमा लक्षित वर्गको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन ल्याउने व्यवस्था उल्लेख भएको छ वा छैन | | | |
| ६ | जलाधार व्यवस्थापन योजनामा लक्षित वर्गको छुट्टै आवश्यकता पहिचान गरी विशेष कार्यक्रमहरु प्रस्ताव गरिएको छ वा छैन | | | |
| ७ | जलाधार व्यवस्थापन योजना कार्यान्वयनको सन्दर्भमा हुने भेला, सार्वजनिक परीक्षणमा महिला सदस्यको सहभागीता हुने गरेको छ वा छैन | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | उपभोक्ता समिति, अनुगमन समिति लगायतका समितिहरुमा महिलाको न्यूनतम ३३ प्रतिशत सहभागीता छ वा छैन | | | |
| ९ | समन्वय संयन्त्र तथा अनुगमन समितिले अनुगमनका सूचकहरु वनाउँदा लैसास सम्बन्धी सूचकहरु समावेश गरी सूचकहरु वनाएको छ वा छेन | | | |
| १० | लैङ्गिक तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका व्यक्ति तथा समुहको उत्थानको लागि तर्जूमा भएका कार्यक्रम तथा बजेटको कार्यान्वयन पूर्ण रुपमा भएको छ वा छैन | | | |
| ११ | सञ्चित कोषको रकम लैङ्गिक तथा सामाजिक समावेशीकरणको क्षेत्रमा खर्च भएको छ वा छैन | | | |
| १२ | महिला तथा वञ्चितिकरणमा परेका समुदायको आवश्यकता पुरा गर्नको लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन भएको छ वा छैन | | | |

समिर राई
अध्यक्ष / प्रमुख

अनुसूची-८

(दफा १५ को उपदफा (१) संग सम्बन्धित)

सार्वजनिक सुनुवाईमा सार्वजनिक गरिने विषयहरु

भेलाको उपस्थितिको लागि सूचना जारी गरेको मितिः

सूचनाको माध्यमः

सूचना प्रवाह गरिएका स्थानः

सार्वजनिक परिक्षण गरिएको मितिः

**सार्वजनिक परीक्षणमा उपस्थित सहभागीहरुको विवरण**

| क्र.सं. | नाम तथा ठेगाना | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**छलफलका विषयहरुः**

१. आयोजनाको हालसम्मको भौतिक प्रगती (सेवा तथा सामग्री)

२. गरिद गरिएका सामग्री, भुक्तानी विवरण

३. कार्यान्वयनको समयमा भएका समस्या

४. डिजाईन आदिमा परिवर्तन भए सो को विवरण

५. सामग्री/सेवा खरिद गर्दा अपनाईएको विधि प्रकृया

६. आयोजना सञ्चालन अवधिमा भए गरेका निरीक्षण तथा अनुगमन

**छलफलबाट गरिएका निर्णयहरु**

१.

२.

३.

उपभोक्ता समितिको अध्यक्षको सही

उपभोक्ता समितिको सचिवको सही

गाउँपालिका प्रतिनिधिको नाम, पद र सही

वडा प्रतिनिधिको नाम, पद र सही

आज्ञाले,

नामः गुञ्जन कार्की

पदः नि.प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः

गुन्जन कार्की
नि.प्रमुख प्रशासकीय अधिकृत